# सुचना !        सुचना !!        सुचना !!!

## अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको अत्यन्त जरुरी सुचना
(प्रथम पटक प्रकाशित मिति :२०७५/६/२६)

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०७५/६/२१ गतेको निर्णय अनुसार तपसिलमा रहेका हटियाहरुको ठेक्का खुला डाक वढाबढ प्रक्रियाबाट तपसिल बमोजिम हुने भएकोले सम्बन्धित ईच्छुक व्यक्तिहरुले उल्लेख्य सहभागिता जनाउन सर्वसाधारण सबैमा जानकारीको लागि यो सुचना जारी गरिएको छ ।

तपसिल :

| क्र. सं. | स्थान | न्यूनतम डाक अंक | ठेक्का अवधि | नाम दर्ता मिति/स्थान | खुला डाक बढाबढ हुने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तपेश्वर बजार हाट, जण्डौल वडा नं. १ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| २ | राम जानकी बजार मटिगढा वडा नं. ३ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| ३ | बुद्ध हाट प्रश्वनी वडा नं. ४ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| ४ | चाँदनी चौक सितापुर वडा नं. २ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| ५ | बनौली हाट वडा नं. ४ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे | |
| ६ | विशाल चौक हाट वडा नं. ४ | २१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| ७ | महुली हाट वडा नं. ६ | १३१०००। | २०७५/८/०१ देखी ०७५ असार मसान्त सम्म | २०७५/६/२५ देखि २०७५/७/०९ सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |

Scanned by CamScanner

## नियम तथा शर्तहरुः

१. दर्ता बापत फिर्ता नहुने गरी रु १००० नगदै बुझाउनु पर्नेछ ।
२. नाम दर्ताको समयमा नाम छुटेकाले डाक बढाबढ हुने दिन डाक समय भन्दा अगाडी दोब्बर दस्तुर तिरी नाम दर्ता गराउन सक्नेछ ।
३. डाक बढाबढ सम्बन्धित हटिया लाग्ने स्थानमा हुनेछ ।
४. बोलकबोलमा सहभागिता जनाउनेले नेपाली नागरिकताको प्रतिलिपी सहित नाम दर्ता गराउनु पर्नेछ ।
५. डाक बढाबढमा आफूले कबोल गरेको स्वीकृत अंकको ५ प्रतिशत रकम तत्काल जम्मा गर्नुपर्नेछ ।
६. बोल कबोल अंक स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले गाउँपालिका कार्यालयको रा.वा.बैक राजविराजमा रहेको संचित खाता नं.२१८०३०४०१८१०६ मा एकमुष्ट रकम दाखिला गरी १० प्रतिशत सम्म छुट लिन सक्नेछ ।
७. बोल कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्रमा ८ महिनाको २ किस्ता रकम मध्ये प्रथम किस्ता वापतको रकम बुझाई चलन पुर्जी लिनु पर्नेछ । जसमा प्रथम किस्तामा ५० प्रतिशत र दोश्रो किस्तामा ५० प्रतिशत रकम बुझाउनु पर्नेछ । पहिलो चौमासिक २०७५ कार्तिक देखी फाल्गुण सम्म र दोश्रो चौमासिक २०७५ चैत्र देखी २०७६ असार मसान्त सम्म हुनेछ । दोश्रो किस्ताको रकम दोश्रो चौमासिक अगावै बुझाउनु पर्नेछ ।
८. चलन पुर्जी अगावै पहिलो किस्ता वापतको रकम धरौटी स्वरुप बैक ग्यारेन्टी वा कानुन बमोजिमको जमानत दिनुपर्नेछ । सो को जानकारी पत्र सहित सम्झौता गरी चलन पुर्जी लिनु पर्नेछ ।
९. ठेकेदारले सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा गा.पा.को प्रत्यक्ष नीति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ , सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा गा.पा.ले एक तर्फी सम्झौता भंग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर कही कतै उजुर बाजुर लाग्ने छैन लागेमा यही सम्झौता बमोजिम रद्द भएको मानिनेछ ।
१०. लिखित नाम दर्ता भएको व्यक्तिले मात्र बोल्न पाईनेछ ।
११. ठेक्का सम्बन्धी अन्य सर्तको जानकारीको लागि अग्नीसाईर कृष्णासवरन गाउँपालिका कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार गाउँपालिकामा निहित रहनेछ ।
१३. ठेक्का सम्बन्धी अन्य जानकारी बुझ्नु परेमा गाउँपालिका कार्यालयको कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ।
१४. साविक गा.वि.स.को पेश्की वाकी ,ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बाकी बक्यौता नबुझाई कुनै पनि ठेक्का प्रक्रियामा भाग लिन पाईने छैन ।
१५. ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको हटियाको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाइने छैन साथै हटियाहरु सामान्य मर्मत सम्भार गर्नुपरे ठेकेदार स्वंयमले गर्नुपर्नेछ र सामान्य मर्मत सम्भारको रकमको दाबी गाउँपालिकामा गर्न पाईने छैन ।
१६. ठेक्का बन्दोबस्त भैसकेपछि कुनै किसिमको दैवी प्रकोप विपद भएमा त्यसको जिम्मेवार स्वंयम ठेकेदार नै हुनुपर्नेछ । सो को कबोल गरेको रकममा मिनहा हुने छैन ।
१७. कुनै व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner